# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

सूचना नम्बरः ४१/२०७९/०८०

## उपभोक्ता समिति गठन सम्बन्धी सूचना।।

**(प्रकाशित मितिः २०७९/०७/२० गते)**

यस चन्द्रकोट गाउँपालिका गुल्मीको चालु आर्थिक बर्ष २०७९/०८० को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम संचालनार्थ उपभोक्ता समिति मार्फत संचालन हुने विभिन्न प्रकारका योजना तथा कार्यक्रमको लागि चन्द्रकोट गाउँपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७७ को दफा ४ अनुसार तपशिल अनुसार हुनेगरी मिति २०७९ कार्तिक मसान्तभित्र आ-आफ्नो वडाहरुमा योजनाको उपभोक्ता समिति गठन गर्ने व्यवस्थाको लागि आवश्यक कार्य गर्न सवै वडा कार्यालयहरुलाई सूचित गरिन्छ साथै सम्पूर्ण उपभोक्ताहरुलाई समेत यस कार्यमा सहभागि भई उपभोक्ता समिति गठन गर्नुहुन जानकारी गराईन्छ।

**तपशिल**

**उपभोक्ता समिति गठन प्रकृयाः-**

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै ७ देखि ११ सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुनु भन्दा अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नछ।

(ग) उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(घ) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्नेछ। समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य, आदिवासी जनजाति, दलितलाई समेत सहभागी बनाउनु पर्नेछ। तर आयोजना सञ्चालन हुने स्थानमा माथि उल्लेखित जाति समुदाय नभएको अवस्थामा सो कुरा मान्न बाध्यता पुगेको मानिने छैन। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ।

(ङ) सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन।

(च) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिनेछ।

(छ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ। अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन।

**उपभोक्ता समितिका सदस्यको योग्यता :**

(क) सम्बन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा (ख) १८ वर्ष उमेर पुरा भएको

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की पर्छ्यौट गर्न बाँकी नरहेको (ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको

पुनश्चः जनप्रतिनिधि, राजनीतिक दलका वडा प्रमुख वा सो भन्दा माथिल्लो समितिमा अवद्ध प्रमुखहरु, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाइने छैन।

*उपभोक्ता समितिको गठन प्रकृया तथा सो द्वारा भए गरेका काम कारवाहीका सन्दर्भमा कुनै गुनासो भएमा गाउँपालिकाको टोल फ्रि नं. १६६०७९५२३३३ वा योजना शाखा (९८४९९२०९४२) वा गाउँपालिकाको गुनासो पेटिकामा गुनासो राखि सहयोग गरिदिनुहुन अनुरोध छ।*

(विष्णु प्रसाद भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

**विष्णु प्रसाद भुसाल**